# प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोग र प्रभाव सम्बन्धी अध्ययन

नेपाल सरकार

## नेपाल कानून आयोग

नयाँ बानेश्वर, काठमाडौं

नेपाल कानून आयोग

## विषयसूची

**१. परिच्छेद-१ परिचय**

१.१ पृष्ठभूमि........................................................................................१

१.२ अध्ययनको उद्देश्य..........................................................................३

१.३ अध्ययनको विधि..............................................................................३

१.४ अध्ययनको सीमा .............................................................................३

१.५ अध्ययनको ढाँचा..............................................................................४

**२. परिच्छेद-२ प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक सेवा, सुविधा तथा योग्यताका विषयमा “पाए सरह” वा “सोसरह” पदावलीको प्रयोगको अवस्था वा विश्लेषण**

२.१ परिचय ..........................................................................................५

२.२ प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा “पाए सरह” वा “सोसरह” पदावलीको प्रयोग भएका कानूनहरू.......................................................................................५

२.२.१ नेपालको संविधान ...........................................................६

२.२.२ कर्मचारी सञ्चय कोष ऐन,२०१९..........................................७

२.२.३ औषधि ऐन, २०३५.............................................................८

२.२.४ अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४०...........................८

२.२.५ राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१..................................८

२.२.६ संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३..........................................................८

२.२.७ नेपाल कानून आयोग ऐन, २०६३...........................................९

२.२.८ वैदेशिक रोजगार नियमावली, २०६४......................................९

२.२.९ राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८........................................९
२.२.१० बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१..........................................................................९
२.२.११ भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२.................९
२.२.१२ श्रम ऐन, २०७४..........................................................................१०
२.२.१३ विद्युत नियमन आयोग नियमावली, २०७५...........................................१०
२.२.१४ सङ्घीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७५............१०
२.२.१५ प्रशासकीय अदालत ऐन, २०७६.........................................................१०
२.३ अन्तर्राष्ट्रिय अभ्यास ..........................................................................१०
२.४ पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगले पारेको प्रभाव..........................................................................१७
**३. परिच्छेद-३ "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगले देखिएका समस्या र समाधान**
३.१ समस्या ..........................................................................१९
३.२ समाधान..........................................................................२०
**४. परिच्छेद-४ निष्कर्ष र सुझाव**
४.१ निष्कर्ष..........................................................................२३
४.२ सुझाव..........................................................................२३
**सन्दर्भ सामग्री**

नेपाल कानून आयोग

# परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमि

कानूनी भाषा स्पष्ट, सुनिश्चित र सरल हुनु पर्दछ। कानून तर्जुमा गर्दा शब्दको चयन र वाक्य संरचना स्पष्ट रूपमा गरिनु पर्दछ। अस्पष्ट र दोहोरो अर्थ दिने वाक्य संरचनाले कानूनको कार्यान्वयनमा अन्यौलता सिर्जना गर्दछ। त्यसैले कानूनले अभिव्यक्त गर्न खोजेको विषयको भाव जस्ताको त्यस्तै स्पष्ट बुझिने हुनु पर्दछ। कानून कार्यान्वयन गर्ने व्यक्ति, संस्था, निकाय लगायत सबैले अर्थ लगाउँदा एकै अर्थबोध हुने किसिमको हुनु पर्दछ। कानून तर्जुमाकारले कानून तर्जुमा गर्दा यसको कार्यान्वयन गर्ने पक्षलाई विश्लेषण सहित सहज, सरल र बोधगम्य हुने सुनिश्चित गरी शब्दको चयन गर्नु पर्दछ।

कानून तर्जुमा गर्ने क्रममा भाषाको प्रयोग संवेदनशील भई गर्नु पर्ने हुन्छ। कानून निर्माण गर्दा व्याकरणगत शुद्धता, स्पष्टता, दोहोरो अर्थ नलाग्ने र व्याख्या गर्न सकिने किसिमको भाषाको प्रयोगमा विशेष ध्यान दिनु पर्दछ। अस्पष्ट र दोहोरो अर्थ दिने भाषाको प्रयोगले कानूनको प्रभावकारी कार्यान्वयनमा समस्या सिर्जना गर्दछ। कानूनमा सरल र शुद्ध भाषा प्रयोग गरिएन भने कानूनले अभिव्यक्त गर्न खोजेको मनसाय सही रूपमा सम्प्रेषण नहुन सक्छ। त्यसैले कानूनमा भाषाको शुद्धता र स्पष्टता आवश्यक हुन्छ।

प्रचलित धेरै वटा नेपाल कानूनमा “पाए सरह” वा “सोसरह” पदावलीको प्रयोग भएको पाइन्छ। यस्ता पदावलीहरू परम्परागत लेखनशैलीबाट विकसित हुँदै हालसम्म पनि कायम रहेको देखिन्छ। यस्ता पदावली प्रयोग गरिएको कानूनी व्यवस्थाको कार्यान्वयन अभ्यासमा एकरूपता कायम भएको देखिदैन। कानून तर्जुमाको आधुनिक विधिशास्त्रीय मान्यता अनुसार

नेपाल कानून आयोग

यस्तो पदावलीको प्रयोगमा स्पष्टता र सुनिश्चितता कायम गरी कार्यान्वयनयोग्य कानून निर्माण गर्नु पर्ने अपरिहार्यता छ।

प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारीको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगले प्रशासनिक र वित्तीय कार्यमा अन्यौलता सिर्जना भएको हुँदा राज्यलाई अनावश्यक आर्थिक भार थपिदै गएको देखिन्छ। त्यसैले भाषागत अस्पष्टताले कानून कार्यान्वयनमा पार्ने प्रभावप्रति कानून तर्जुमाकारलाई जवाफदेही बनाउनु पर्दछ।

"सोसरह" र "पाए सरह" पदावली कानूनी लेखनमा ऐतिहासिक एवम् तत्कालिन परम्पराको हिस्सा र आवश्यकता भए तापनि तिनले आजको कानूनी मान्यता र आवश्यकताअनुसार स्पष्टता, समानता र निश्चिततालाई सुनिश्चित गर्न सक्दैन। त्यसैले कानून निर्माणमा यस्ता खुला व्याख्यायोग्य पदावलीको प्रयोग घटाई स्पष्ट र ठोस पदावलीको प्रयोग गरी कानूनको व्याख्या र कार्यान्वयनमा एकरूपता कायम गर्नु पर्दछ।

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को उपधारा (१) को खण्ड (क) ले कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन अनुसन्धान गर्ने कार्य आयोगलाई तोकेको छ। आयोगको उक्त काम, कर्तव्य र अधिकार बमोजिम प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोग र प्रभाव सम्बन्धी अध्ययन र विश्लेषण गरी सिफारिस गर्न प्रस्तुत अध्ययन गरिएको छ।

नेपाल कानून आयोग

## १.२ अध्ययनको उद्देश्य

प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोग र प्रभाव सम्बन्धी अध्ययनको मुख्य उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) प्रचलित नेपाल कानूनमा व्यवस्था भएको "पाए सरह" र "सोसरह" पदावलीको प्रयोगले सिर्जना भएको अन्यौलता पहिचान गर्नु,

(ख) प्रचलित कानूनमा रहेका "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगले कानूनको कार्यान्वयनमा रहेका समस्याको पहिचान गरी हाम्रो कानूनसँग मेल खाने अन्य मूलुकका असल अभ्यास समेतका आधारमा विश्लेषण गरी समस्याको पहिचान र समाधानका लागि सिफारिश गर्नु।

## १.३ अध्ययनको विधि

प्रस्तुत विषयमा अध्ययन गर्दा देहाय बमोजिमको अध्ययन विधि अवलम्बन गरिएको छः-

(क) खोज तथा अध्ययन विधि,

(ख) खोजिएका विषयवस्तुको तथ्यपरक विश्लेषण तथा तुलनात्मक अध्ययन विधि,

(ग) छलफल तथा सर्वेक्षण विधि

(घ) सुझाव तथा राय परामर्श विधि

## १.४ अध्ययनको सीमा

प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोग सीमित भए पनि प्रभाव बृहत छ। त्यसैले यस विषयको अध्ययनले पर्याप्त स्रोत साधन र समयको अपेक्षा गर्दछ। सीमित

स्रोत साधन र जनशक्तिबाट छोटो समयमा अध्ययन सम्पन्न गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमको सीमा भित्र रहेर यो अध्ययन गरिएको छः-

(क) नेपालको संविधान तथा प्रचलित कानूनमा रहेका व्यवस्थाको अध्ययन,

(ख) सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगको सम्बन्धमा विश्लेषण,

(ग) सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगबाट परेका प्रभाव विश्लेषण।

## १.५ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनलाई चार परिच्छेदमा विभाजन गरीएको छ। पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, अध्ययनको विधि तथा सीमा लगायतका विषयहरू समावेश गरीएको छ। दोस्रो परिच्छेदमा प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोग र प्रभाव सम्बन्धी व्यवस्था र यस सम्बन्धी विश्लेषण, तेस्रो परिच्छेदमा यस पदावलीको प्रयोगले देखिएका समस्याको पहिचान गरी समाधानका उपाय समेत उल्लेख गरीएको छ। चौथो परिच्छेदमा निष्कर्ष र सुझावका साथै अन्त्यमा सन्दर्भ सामग्री सूची राखिएको छ।

## परिच्छेद-२

## प्रचलित कानूनमा सार्वजनिक निकायमा हुने व्यक्तिको पारिश्रमिक सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगको अवस्था वा विश्लेषण

### २.१ परिचय

"पाए सरह" भन्नाले त्यति पाएझैं, त्यो पाएअनुसार, वा उस्तै लाभ/सुविधा पाएको भन्ने जनाउँछ। यो वाक्यांश प्रायः सुविधा, पारिश्रमिक तथा अधिकार लगायतको तुलना गर्न प्रयोग हुन्छ। साथै "सोसरह" भन्ने पदावलीले त्यस्तै, जस्तै, उस्तै किसिमको, वा त्यो अनुसारको भन्ने अर्थ जनाउँछ। यसले नियम, प्रक्रिया, व्यवहार वा स्थितिसँग तुलना गर्न त्यस अनुसार उस्तै प्रकारले भन्ने बुझाउँछ। कानूनी भाषामा यसले पहिले उल्लिखित कुरा अनुसार व्यवहार गर्नुपर्ने जनाउँछ। यस्ता पदावली प्रयोगको अभ्यास नेपाली कानून लेखनमा लामो समय अघिदेखि हुँदै आएको भए तापनि तिनको प्रयोगले व्यावहारिक र व्याख्यात्मक दुवै तहमा केही समस्या निम्त्याएका छन्। जसलाई कानूनमा नै स्पष्ट बनाउनु आवश्यक हुन्छ।

सार्वजनिक पदमा पदाधिकारीको नियुक्ति गर्दा "सोसरह" को योग्यता, पाए सरहको पारिश्रमिक, सेवा, सुविधा जस्ता भाषाको प्रयोग भएको देखिन्छ। यसरी "पाए सरह" र "सोसरह" भन्ने पदावलीको प्रयोगले सार्वजनिक पदमा पदाधिकारीको नियुक्ति र सेवा सुविधा प्रदान गर्न प्रशासनिक, वित्तीय र कानूनी जटिलता सिर्जना भएको छ। त्यसैले कानून तर्जुमा गर्दा "पाए सरह" र "सोसरह" पदावलीको प्रयोग नगरी स्पष्ट रूपमा कानूनमै तोकिनु पर्दछ।

### २.२ प्रचलित कानूनमा सार्वजनिक निकायमा हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोग भएका कानूनहरू

सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा प्रचलित कानूनमा भएका व्यवस्थाहरूको अध्ययनका लागि नेपालको संविधान, ऐन सङ्ग्रह र

नियम सङ्ग्रह १ देखि १७ सम्मलाई अध्ययन गर्दा देहाय बमोजिमका व्यवस्थाहरू रहेका छन्ः-

### २.२.१ नेपालको संविधान

- धारा ६९. **उपराष्ट्रपति सम्बन्धी अन्य व्यवस्था :** उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया, पदावधि सम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ।

- धारा १५३. **न्याय परिषद्** : (१) यस संविधान बमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहनेछ, जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्ः-

  (क) प्रधान न्यायाधीश - अध्यक्ष

  (ख) सङ्घीय कानून तथा न्याय मन्त्री - सदस्य

  (ग) सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एक जना - सदस्य

  (घ) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेको एक जना कानूनविद् - सदस्य

  (ङ) नेपाल बार एसोसिएशनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बीस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता - सदस्य

  (२) उपधारा (१) को खण्ड (घ) र (ङ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतको न्यायाधीशको सरह हुनेछ।

- धारा १५७. **महान्यायाधिवक्ताः** (१) नेपालमा एक महान्यायाधिवक्ता रहनेछ।

नेपाल कानून आयोग

(५) महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ। महान्यायाधिवक्ताको सेवाका अन्य शर्त कानून बमोजिम हुनेछन्।

- धारा १६०. **<u>मुख्य न्यायाधिवक्ताः</u>** (१) महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहनेछ।

(७) मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीश सरह हुनेछ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ।

- धारा २८६. **<u>निर्वाचन क्षेत्र निर्धारण आयोगः</u>** (१) यस संविधान बमोजिम सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले देहायका अध्यक्ष र सदस्य रहेको एक निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गर्न सक्नेछः-

(क) सर्वोच्च अदालतको सेवानिवृत्त न्यायाधीश - अध्यक्ष

(ख) भूगोलविद एक जना - सदस्य

(ग) समाजशास्त्री वा मानवशास्त्री एक जना - सदस्य

(घ) प्रशासनविद वा कानूनविद एक जना - सदस्य

(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत - सदस्य-सचिव

(११) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सुविधा क्रमशः निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त सरह हुनेछ।

### २.२.२ कर्मचारी सञ्चय कोष ऐन, २०१९

दफा ६क. **<u>प्रशासकको नियुक्ति</u>** : (१) नेपाल सरकारले कोषको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि कम्तीमा नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी, कोष वा संस्थाको अधिकृत प्रथम श्रेणी वा दशौं तह वा सो सरहको

पदमा कार्यरत कुनै एकजना सञ्चयकर्ता कर्मचारीलाई प्रशासकको पदमा नियुक्त गर्नेछ।

### २.२.३ औषधि ऐन, २०३५

दफा २३. **<u>निरीक्षक र विश्लेषकको लागि योग्यता</u>** : (१) निरीक्षकको लागि देहायको योग्यता हुनु पर्नेछः-

(घ) फार्मेसीमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण भै फार्मेसी सम्बन्धी काममा कम्तीमा पाँच वर्षको अनुभव भएको।

### २.२.४ अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४०

दफा १४. **<u>केन्द्रका पदाधिकारी तथा कर्मचारीलाई सुविधा तथा उन्मुक्ति</u>** : (१) केन्द्रसँग सम्बन्धित काम कारबाहीको सिलसिलामा नेपालभित्र रहँदा समितिको सदस्य, केन्द्रको निर्देशक तथा उप-निर्देशकलाई नेपाल सरकारले सम्बन्धित कुटनैतिक वर्गमा समावेश गरी प्रचलित कानून बमोजिम कूटनैतिक व्यक्तिलाई दिए सरहको सुविधा तथा उन्मुक्ति प्रदान गर्नेछ।

### २.२.५ राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१

दफा १९. **<u>विदेशी सल्लाहकार तथा प्राविधिकलाई सहुलियत</u>** : कोषमा काम गर्ने विदेशी सल्लाहकार वा प्राविधिकलाई नेपालमा काम गर्ने संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सोसरहको सल्लाहकार वा व्यक्तिलाई दिइए सरहको सहुलियत दिइनेछ।

### २.२.६ संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३

दफा १९क. **<u>राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक सम्बन्धी विशेष व्यवस्था</u>** : यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक क्रमशः नेपालको प्रधान न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ।

### २.२.७ नेपाल कानून आयोग ऐन, २०६३

दफा १४. **<u>अध्यक्ष तथा उपाध्यक्षको पारिश्रमिक र सुविधा</u>** : (१) अध्यक्ष तथा उपाध्यक्षले क्रमशः सर्वोच्च अदालतका न्यायाधीश तथा संवैधानिक निकायका प्रमुख पदाधिकारीले पाए सरहको पारिश्रमिक र अन्य सुविधा पाउने छन्।

### २.२.८ वैदेशिक रोजगार नियमावली, २०६४

नियम ३४. **<u>कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा:</u>** कार्यकारी निर्देशकको मासिक पारिश्रमिक नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतले पाए सरहको हुनेछ र निजले पाउने अन्य सुविधा नेपाल सरकारले तोकिए बमोजिम हुनेछ।

### २.२.९ राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

दफा २५. **<u>पारिश्रमिक र सुविधा</u>** : अध्यक्ष र सदस्यको पारिश्रमिक क्रमशः नेपालको प्रधान न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ।

तर सुविधाको हकमा संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

### २.२.१० बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन,२०७१

दफा ८. **<u>अध्यक्ष तथा सदस्यको सेवा शर्त</u>** : (१) अध्यक्ष तथा सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(२) अध्यक्ष तथा सदस्यको पारिश्रमिक क्रमशः राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्य सरह हुनेछ।

(३) अध्यक्ष तथा सदस्यको सेवाको शर्त र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

### २.२.११ भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२

दफा २६. **<u>पुनरावेदन सम्बन्धी व्यवस्था</u>** : (३) पुनरावेदन समितिका अध्यक्ष र सदस्यको सुविधा उच्च अदालतका न्यायाधीश सरह हुनेछ।

### २.२.१२ श्रम ऐन, २०७४

दफा १५१. **श्रम अदालतको गठनः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक सङ्ख्यामा श्रम अदालत गठन गर्नेछ।

(६) श्रम अदालतका अध्यक्ष र सदस्यको सेवाका शर्त तथा सुविधा उच्च अदालतको न्यायाधीश सरह हुनेछ।

### २.२.१३ विद्युत नियमन आयोग नियमावली, २०७५

दफा ४७. **अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधाः** (१) अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा क्रमशः राष्ट्रिय योजना आयोगको सदस्य र नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत सरह हुनेछ।

### २.२.१४ सङ्घीय संसदका महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७५

दफा ७. **पारिश्रमिक**ः (१) महासचिव र सचिवले क्रमशः नेपाल सरकारको मुख्य सचिव र सचिवले पाए सरहको पारिश्रमिक पाउने छन्।

दफा ८. **सवारी तथा इन्धन सुविधा**ः महासचिव र सचिवलाई क्रमशः नेपाल सरकारले मुख्य सचिव र सचिव सरह सवारी तथा इन्धन सुविधा उपलब्ध गराइनेछ।

### २.२.१५ प्रशासकीय अदालत ऐन, २०७६

दफा ६. **पारिश्रमिक, सेवाका शर्त र सुविधा**ः : यस ऐन बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त क्रमशः उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सरह हुनेछ।

## २.३ अन्तरराष्ट्रिय अभ्यास

### २.३.१. भारत

भारतको संविधानको धारा १४८ मा महालेखा परिक्षक (Comptroller and Auditor-General of India) सम्बन्धी व्यवस्था रहेको छ। राष्ट्रपतिले आफ्नो हस्ताक्षर र

छापसहितको आदेशद्वारा महालेखा परिक्षकको नियुक्त गर्नेछन् र उनीलाई सर्वोच्च अदालतका न्यायाधीशलाई जस्तै तरिकाले र त्यही आधारमा मात्र पदबाट हटाउन सकिने व्यवस्था रहेको छ। महालेखा परीक्षकको तलब तथा अन्य सेवाका शर्तहरू संसदले कानुनद्वारा निर्धारण गरे बमोजिम हुने व्यवस्था छ। भारतको संविधानको धारा २८० मा वित्त आयोग (Finance Commission) सम्बन्धी व्यवस्था रहेको छ। राष्ट्रपतिद्वारा एक अध्यक्ष सहित अन्य चार जना सदस्यलाई वित्त आयोगमा नियुक्त गरिने व्यवस्था छ। कानुनद्वारा आयोगका सदस्यहरूको नियुक्तिका लागि आवश्यक योग्यता तथा उनीहरूको चयन गर्ने तरिका निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। धारा ३२४ मा निर्वाचन आयोग (Election Commission) को व्यवस्था रहेको छ। जसमा प्रमुख निर्वाचन आयुक्त र राष्ट्रपतिले समय-समयमा निर्धारण गरेअनुसार आवश्यक संख्यामा अन्य निर्वाचन आयुक्तहरू रहनेछन्। प्रमुख निर्वाचन आयुक्त तथा अन्य निर्वाचन आयुक्तहरूको नियुक्ति संसदद्वारा यससम्बन्धी बनाइएको कुनै कानुनको प्रावधानको अधीनमा रही राष्ट्रपतिद्वारा गरिनेछ। आयुक्तहरुको सेवा सुविधा संसदद्वारा बनाइएको कानुनका प्रावधानको आधारमा हुनेछ। प्रमुख निर्वाचन आयुक्तलाई उनको पदबाट हटाउन सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने जस्तै प्रक्रिया र त्यही आधारमा मात्र सकिनेछ र नियुक्तिपछि प्रमुख निर्वाचन आयुक्तका सेवाका शर्तहरू उनको हानीमा परिवर्तन गरिने छैनन्।[1]

### २.३.२. बंगलादेश

बंगलादेशको संविधानको धारा ११८ मा निर्वाचन आयोग (Election Commission) सम्बन्धी व्यवस्था रहेको छ। जसमा मुख्य निर्वाचन आयुक्त (अध्यक्षका रुपमा) र बढीमा चार जना निर्वाचन आयुक्तहरू राष्ट्रपतिद्वारा पाँच बर्षका लागि नियुक्त गर्ने व्यवस्था रहेको छ। संसदले बनाएको कानुनको अधीनमा रही निर्वाचन आयुक्तहरूको सेवाका सर्तहरू राष्ट्रपतिले आदेशमार्फत निर्धारण गरेअनुसार हुनेछन्। तर कुनै निर्वाचन आयुक्तलाई पदबाट हटाइने प्रक्रिया र आधार सर्वोच्च अदालतका न्यायाधीशलाई हटाइने प्रक्रिया र आधारसरह हुनेछ। धारा १२७ मा महालेखा परीक्षक (Comptroller and Auditor General) र धारा १३७ मा लोकसेवा आयोग

---

[1] https://cdnbbsr.s3waas.gov.in/s380537a945c7aaa788ccfcdf1b99b5d8f/uploads/2024/07/20240716890312078.pdf

(Public Service Commission) सम्बन्धी व्यवस्था रहेको छ। जसमा नियुक्त हुने आयुक्तहरूको सेवा सुविधा संसदद्वारा बनाइएको कानुनको अधीनमा रही राष्ट्रपतिले आदेशमार्फत निर्धारण गरेअनुसार हुने व्यवस्था छ।[2]

### २.३.३. भूटान

भूटानको संविधानको धारा २५ मा राजकीय लेखा परिक्षक (The Royal Audit Authority) सम्बन्धी व्यवस्था रहेको छ। जसको प्रमुख लेखापरीक्षक जनरल रहने छन्। प्रमुख लेखापरीक्षक जनरलको योग्यता तथा सेवा सुविधा शाही लेखापरीक्षण प्राधिकरणले लेखापरीक्षण ऐनअनुसार हुने व्यवस्था रहेको छ। धारा २६ मा राजकीय निजामती सेवा आयोग (Royal Civil Service Commission) रहने व्यवस्था रहेको छ। जसमा एक अध्यक्ष र अन्य चार जना सदस्यहरू रहने व्यवस्था छ। अध्यक्ष र सदस्यको योग्यता र सेवासुविधा राजकीय निजामती सेवा आयोगले निजामती सेवा ऐनअनुसार हुने व्यवस्था छ। धारा २७ मा भ्रष्टाचार विरुद्धको आयोग (The Anti-Corruption Commission) सम्बन्धी व्यवस्था रहेको छ। जसमा एक अध्यक्ष र दुई जना सदस्यहरू रहने व्यवस्था छ। भ्रष्टाचार निवारण ऐनअनुसार अध्यक्ष र सदस्यको योग्यता र सेवा सुविधा हुने व्यवस्था रहेको छ।[3]

### २.३.४. माल्दिभ्स

माल्दिभ्सको संविधानको धारा १५७ मा न्यायिक सेवा आयोग (Judicial Service Commission), धारा १६७ मा निर्वाचन आयोग (Elections Commission), धारा १७९ मा लोक सेवा आयोग (Civil Service Commission), धारा १८९ मा मानव अधिकार आयोग (Human Rights Commission), धारा १९९ मा भ्रष्टाचार निवारण आयोग (Anti-Corruption Commission), धारा २०९ मा महालेखा परिक्षक (Auditor General) र धारा २२० मा महाअभियोजनकर्ता (Prosecutor General) सम्बन्धी व्यवस्था रहेको छ। जसको प्रमुख र सदस्यको सेवा सुविधा People's Majlis ले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको छ।[4]

---

2 http://bdlaws.minlaw.gov.bd/act-367.html

3 https://ipajournal.com/uploads/2011/bhutanlaws/constitution/bhutan_constitution_lhotsamkha.pdf

4 https://storage.googleapis.com/presidency.gov.mv/Documents/ConstitutionOfMaldives.pdf

## २.३.५. अमेरिका

अमेरिकाको सङ्घीय निर्वाचन आयोग (Federal Election Commission) मा कानूनअनुसार छ जना निर्वाचन आयुक्तहरू राष्ट्रपतिद्वारा नियुक्त गरिन्छ र सिनेटद्वारा अनुमोदित हुन्छ। छ वर्षीय कार्यकालमा सेवा गर्ने आयुक्तहरूले प्रत्येक दुई वर्षमा दुई पदहरूमा नियुक्ति गरिन्छ। आयोगको अध्यक्ष प्रत्येक वर्ष परिवर्तन हुने र कुनै पनि सदस्यले एउटै कार्यकालमा एक पटकभन्दा बढी अध्यक्षको रूपमा सेवा गर्न नपाइने व्यवस्था छ। संयुक्त राज्य अमेरिकामा Federal Election Commission (FEC) का सदस्यहरूको योग्यता, संरचना, अधिकार तथा सुविधाहरू मुख्य रूपमा अमेरिकी संसद अर्थात् Congress ले कानूनमार्फत निर्धारण गर्ने गरेको र यसको व्यवस्था विशेष गरी Federal Election Campaign Act (FECA), 1971 मा छ।[5]

U.S. Office of Government Ethics का प्रमुख (Director) सम्बन्धी योग्यता र सेवासुविधा व्यवस्था मुख्य रूपमा Ethics in Government Act of 1978 अन्तर्गत निर्धारण गरिएको छ। यसअनुसार निर्देशकलाई President of the United States द्वारा नियुक्त गरिन्छ र उक्त नियुक्ति United States Senate बाट अनुमोदन हुनुपर्छ। निर्देशक सार्वजनिक प्रशासन तथा नैतिकता (ethics) सम्बन्धी ज्ञान, अनुभव र उच्च नैतिक चरित्रका आधारमा चयन गरिन्छ। यस पदको कार्यकाल पाँच वर्षको निश्चित अवधि (fixed term) रहने व्यवस्था छ। सेवा अवधिमा निर्देशकले पूर्णकालीन रूपमा कार्य गर्नुपर्ने हुन्छ र उनलाई सङ्घीय कार्यकारी सेवा प्रणाली अनुसार तलब तथा अन्य सुविधा प्रदान गरिन्छ। साथै, सरकारी कार्यालय सुविधा, प्रशासनिक सहयोग, यात्रा भत्ता तथा अन्य सङ्घीय कर्मचारी सरहका सेवासुविधा उपलब्ध गराइने प्रावधान छ।[6]

## २.३.६ बेलायत

Judicial Appointments Commission (JAC) मा अध्यक्षसहित १५ जना आयुक्त रहने व्यवस्था रहेको छ। आयुक्तहरूको नियुक्ति खुला प्रतिस्पर्धामार्फत गरिन्छ भने बाँकी सदस्यहरू सम्बन्धित न्यायिक निकायहरू जस्तै न्यायाधीश परिषद् र ट्राइब्युनल

नेपाल कानून आयोग

5 https://www.law.cornell.edu/uscode/text/52/30106

6 https://www.congress.gov/bill/95th-congress/senate-bill/555

न्यायाधीश परिषदद्वारा छनोट गरिन्छन्। यसअन्तर्गत अदालतका वरिष्ठ न्यायिक पदाधिकारी तथा ट्राइब्युनल क्षेत्रका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिएको हुन्छ। आयोगका सदस्यहरू सार्वजनिक क्षेत्र, कानुनी पेशा, अदालत तथा ट्राइब्युनल प्रणालीले म्याजिस्ट्रेसी (साधारण न्यायाधीश) र गैर-कानुनी ट्राइब्युनल सदस्यहरूबाट नियुक्त हुने व्यवस्था छ। अध्यक्ष सधैं गैर-न्यायिक (lay) सदस्य हुनुपर्ने अनिवार्य प्रावधान रहेको छ। बाँकी १४ आयुक्तमध्ये पाँच जना गैर-न्यायिक सदस्य, सात जना न्यायिक सदस्य (जसमा दुई जना ट्राइब्युनल न्यायाधीश र एक जना कानुनी योग्यता नभएका न्यायिक सदस्य समावेश हुन्छन्) तथा दुई जना व्यावसायिक सदस्य रहने व्यवस्था गरिएको छ।[7]

The Electoral Commission का आयुक्तहरूको योग्यता र सेवासुविधा सम्बन्धीव्यवस्था अनुसार राजनीतिक पृष्ठभूमि तथा अनुभव भएका व्यक्तिहरूलाई समावेश गरिन्छ, जसले निष्पक्षता, सन्तुलन र प्रतिनिधित्व सुनिश्चित गर्दछ। आयुक्तहरू सार्वजनिक जीवन, प्रशासन, कानुनी क्षेत्र तथा अन्य सम्बन्धित पेशागत अनुभव भएका व्यक्तिहरूमध्येबाट छनोट गरिन्छन्। जसले गर्दा निर्वाचन प्रणालीको प्रभावकारी नियमन गर्न विविध दृष्टिकोण प्राप्त हुन्छ। सेवासुविधाका सम्बन्धमा आयुक्तहरूलाई सार्वजनिक निकायका पदाधिकारी सरह पारिश्रमिक, प्रशासनिक सहयोग, कार्यालय सुविधा तथा आवश्यकतानुसार यात्रा खर्च उपलब्ध गराइन्छ। उनीहरूको सेवा अवधि निश्चित कार्यकालका लागि हुने र कार्यसम्पादन तथा पुनः नियुक्ति सम्बन्धी निर्णय सम्बन्धित संसदीय संरचना (Speaker's Committee) को सिफारिस अनुसार हुने व्यवस्था गरिएको छ।[8]

### २.३.७. साउथ अफ्रिका

Public Protector सम्बन्धी व्यवस्था दक्षिण अफ्रिकाको संविधानको Constitution of the Republic of South Africa, 1996 (धारा १८२) अन्तर्गत उल्लेख गरिएको छ। यस प्रावधानअनुसार Public Protector एक स्वतन्त्र संवैधानिक संस्था हो। जसमा नेतृत्व तथा सम्बन्धित पदाधिकारीहरूको व्यवस्था संविधानद्वारा निर्धारण गरिन्छ। यस संस्थाको कार्यकाल सामान्यतः सात वर्षको हुने र पुनःनियुक्ति नहुने प्रावधान रहेको

7 https://www.legislation.gov.uk/ukpga/2005/4/section/61
8 https://www.legislation.gov.uk/ukpga/2000/41/section/3

छ। योग्यताका सम्बन्धमा सम्बन्धित कानुन तथा संवैधानिक व्यवस्था अनुसार आयोगका सदस्यहरूको जिम्मेवारी, अधिकार, कार्यक्षेत्र, योग्यता तथा नैतिक मापदण्डहरू स्पष्ट रूपमा निर्धारण गरिन्छ। जसले उनीहरूको स्वतन्त्रता, निष्पक्षता र उत्तरदायित्व सुनिश्चित गर्दछ। सेवासुविधाका सम्बन्धमा कार्यपालिका, न्यायपालिका वा पीपल्स मजलिसका सदस्य नभएका सम्बन्धित पदाधिकारीहरूको तलब तथा भत्ता पीपल्स मजलिस (Parliament) द्वारा निर्धारण गरिने व्यवस्था रहेको छ, जसले आयोगको वित्तीय र प्रशासनिक स्वतन्त्रता कायम राख्दछ। यसै सन्दर्भमा, मानव अधिकार आयोग तथा लैङ्गिक समानता आयोगका सदस्यहरूलाई पनि सोही सरह सेवासुविधा प्रदान गरिने व्यवस्था रहेको छ। जसले उनीहरूको पदगत मर्यादा, स्वतन्त्रता र निष्पक्ष कार्यसम्पादनलाई सुनिश्चित गर्दछ।[9]

### २.३.८. अष्ट्रेलिया

अष्ट्रेलियाको संविधानको धारा ८ अनुसार प्रत्येक राज्यमा सिनेटरहरूको निर्वाचकहरूको योग्यता संविधान वा संसदले प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनका लागि तोकेको योग्यता बराबर हुनेछ तर सिनेटरहरूको चयन प्रक्रियामा प्रत्येक निर्वाचकले केवल एक पटक मात्र मतदान गर्ने व्यवस्था गरिएको छ। त्यस्तै, धारा १६ ले सिनेटरको योग्यता प्रतिनिधि सभाको सदस्यको योग्यता सरह हुने स्पष्ट व्यवस्था गरेको छ। धारा ३४ अनुसार संसदले अन्यथा व्यवस्था नगरेसम्म प्रतिनिधि सभाको सदस्य हुन २१ वर्ष पूरा भएको, प्रतिनिधि सभाको निर्वाचनमा मतदान गर्न योग्य मतदाता वा त्यस्तो मतदाता बन्न योग्य व्यक्ति हुनुपर्ने र चयनको समयमा कम्तिमा तीन वर्षसम्म राष्ट्रमण्डल (Commonwealth) भित्र बसोबास गरेको हुनुपर्ने व्यवस्था गरिएको छ। साथै जन्मसिद्ध, कम्तीमा पाँच वर्षसम्म संयुक्त अधिराज्य, कुनै राज्य वा उपनिवेश वा राष्ट्रमण्डलको कानून अन्तर्गत अंगीकृत नागरिकता प्राप्त गरेको रानीको प्रजा नै सदस्य हुनुपर्नेछ। त्यसैगरी धारा ६६ अनुसार राज्य मन्त्रीहरूको तलब राष्ट्रमण्डलको समेकित राजस्व कोषबाट महारानीलाई वार्षिक रूपमा भुक्तानी गरिनेछ जुन संसदले अन्यथा व्यवस्था नगरेसम्म प्रति वर्ष बाह्र हजार पाउण्डभन्दा बढी हुन सक्दैन।[10]

[9] https://www.justice.gov.za/constitution/chp09.html

[10] https://www.aph.gov.au/-/media/05_About_Parliament/52_Sen/523_PPP/2023_Australian_Constitution.pdf



नेपाल कानून आयोग

### २.३.९. भियतनाम

भियतनामको समाजवादी गणतन्त्रको संविधान, २०१३ को धारा ९८ मा उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू तथा मन्त्रालयस्तरीय निकायहरूका प्रमुखको नियुक्ति, निलम्बन वा बर्खास्ती सम्बन्धी सिफारिसहरू राष्ट्रिय सभाबाट अनुमोदनका लागि पेस गर्ने तथा मन्त्रालय तथा मन्त्रालयस्तरीय निकायहरूका उपमन्त्रीहरू तथा "सोसरह" का पदाधिकारीहरूको नियुक्ति, निलम्बन वा बर्खास्ती गर्ने प्रावधान रहेको छ।[11]

### २.३.१०. संयुक्त राष्ट्रको साझा पारिश्रमिक, भत्ता तथा सुविधा प्रणाली अन्तर्राष्ट्रिय सिविल सेवा आयोग फेब्रुअरी २०२५

कर्मचारीहरूको तलब स्तर

संयुक्त राष्ट्रको नेट पारिश्रमिक (नेट आधार/फ्लोर तलब प्लस लागू पोस्ट एडजस्टमेन्ट) न्यूयोर्कमा P-1 देखि D-2 सम्मका प्रत्येक ग्रेडका लागि वाशिंगटन डी.सी. मा तुलनात्मक सिविल सेवा (comparator civil service) का एकै सरहका श्रेणीको तलब फरक हुने छ। संयुक्त राष्ट्र प्रणालीको प्रोफेशनल तथा उच्च श्रेणी (Professional and higher categories) मा पदहरू P-1 देखि P-5 सम्मका प्रोफेशनल ग्रेड र D-1 तथा D-2 का डाइरेक्टरस्तरका ग्रेडहरू हुन्छन्। यी ग्रेडहरू कर्मचारीको जिम्मेवारी, अनुभव, नेतृत्व क्षमता र अन्तर्राष्ट्रिय भर्तीको आधारमा निर्धारण गरिन्छन्। यी ग्रेडहरूमा नेट पारिश्रमिक भनेको नेट आधार तलब (base/floor salary- विश्वव्यापी एकै हुन्छ) प्लस पोस्ट एडजस्टमेन्ट (post adjustment- न्यूयोर्क जस्ता महँगो स्थानमा जीवनयापन खर्च अनुसार थपिने रकम) हो। यो तुलना अमेरिकी फेडरल सिविल सेवासँग वाशिंगटन डी.सी.मा गरिन्छ। जसलाई तुलनात्मक सिविल सेवा भनिन्छ। समकक्ष ग्रेडहरू बीचको तुलना गरेर UN को पारिश्रमिकलाई प्रतिस्पर्धी र निष्पक्ष राखिन्छ।[12]

---

11 https://constitutionnet.org/sites/default/files/tranlation_of_vietnams_new_constitution_enuk_2.pdf

12 संयुक्त राष्ट्र संघ, *साझा पारिश्रमिक, भत्ता तथा सुविधा प्रणाली*(अन्तर्राष्ट्रिय नागरिक सेवा आयोग, फेब्रुअरी २०२५), https://icsc.un.org/Resources/SAD/Booklets/sabeng.pdf।

## २.५ पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगले पारेको प्रभाव

प्रचलित नेपाल कानूनमा "पाए सरह" वा "सोसरह" पदावली प्रयोग गरिएको देखिन्छ। यस्ता पदावली समान प्रकृतिको काम गर्ने पदहरूबीच योग्यता, पारिश्रमिक र सेवा सुविधा समान बनाउनका लागि प्रयोग गरिएको भएतापनि यसले सार्वजनिक सेवामा प्रशासनिक तथा वित्तीय अन्यौलता सिर्जना गरेको छ।

सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगले गर्दा जिम्मेवारी फरक भए पनि सुविधा बराबर हुने भएकाले जिम्मेवारी र पद बमोजिम सेवा सुविधा प्राप्त नहुने वा दुरूपयोग हुने अवस्था आउन सक्छ। जसले गर्दा विवाद सिर्जना हुन सक्छ। "सोसरह" वा "पाए सरह" पदावलीको प्रयोगले गर्दा कतिपय अवस्थामा विशेष सुविधा पाउने हो वा हैन भन्ने विषयमा समेत अन्यौलता हुन्छ।

कानूनमै "पाए सरह" र "सोसरह" को अर्थ, दायरा र सीमालाई स्पष्ट रूपमा परिभाषित गरी कुन पदसँग सरह हो भन्नु भन्दा पनि कानूनमा नै सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको योग्यता, पारिश्रमिक, सेवा र सुविधा स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ। पदको जिम्मेवारी, अधिकार र दायित्व स्पष्ट गरी योग्यता र सेवासुविधा सुनिश्चित गर्नुपर्छ।

यस्ता पदावलीको प्रयोगले एउटै विषयमा फरक निर्णय आउने सम्भावना रहन्छ। के गर्ने र कसरी गर्ने भन्ने विषयमा अन्यौलता हुन्छ। अस्पष्ट कानूनले सरकारी निकाय वा अधिकारीलाई आफ्नो स्वार्थ अनुसार प्रयोग गर्ने अवसर दिन सक्छ जसले मनोमानी बढाउँछ। उस्तै प्रकृतिका मुद्दामा फरक निर्णय आउन सक्छ जसले समानता र निष्पक्षताको सिद्धान्तलाई  कमजोर बनाउँछ। यसरी कानूनी अस्पष्टता हुदा विवाद बढ्न सक्छ।

नेपाल कानून आयोग

योग्यताको विषयमा स्पष्टता नहुँदा अयोग्य व्यक्तिको नियुक्ति हुने, पक्षपात र राजनीतिक हस्तक्षेप बढ्न सक्ने, सेवा सुविधामा असमानता हुने, भ्रष्टाचारको सम्भावना हुने, उत्तरदायित्वमा कमी हुने, प्रशासनिक दक्षता घट्ने, पदाधिकारी र प्रशासनिक निकायबीच विवाद बढ्ने हुन्छ। सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारीका लागि स्पष्ट योग्यता, जिम्मेवारी र सेवा सुविधा निर्धारण गर्नु सुशासनको आधार हो। यसले पारदर्शिता, निष्पक्षता र कार्यक्षमता सुनिश्चित गर्छ।

नेपाल कानून आयोग

## परिच्छेद -३

## <u>“पाए सरह” वा “सोसरह” पदावलीको प्रयोगले देखिएका समस्या र समाधान</u>

### ३.१ समस्या

प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा “पाए सरह” वा “सोसरह” पदावलीको प्रयोगले देहाय बमोजिमको समस्या देखिएका छन्ः-

(क) “पाए सरह” र “सोसरह” पदावलीको अर्थ स्पष्ट नहुँदा कानून कार्यान्वयनमा एकरूपता नभएको,

(ख) यी पदावलीको अर्थ सुनिश्चित नभएकाले कानून कार्यान्वयनमा अन्यौलता सिर्जना भएको,

(ग) कानूनमा यस्ता पदावलीको प्रयोगले पदाधिकारीहरूमा आफू अनुकूलको व्याख्या गर्ने प्रवृत्ती बढ्दै गएको,

(घ) “पाए सरह” र “सोसरह” पदावलीको प्रयोगले सार्वजनिक सेवा प्रवाहमा दुविधा र प्रशासनिक अन्यौलता सिर्जना गरेको,

(ङ) “पाए सरह” भन्ने आधारमा सेवामा रहँदा र अवकाश पश्चात पाइने विशेष सुविधाका विषयको व्याख्यामा विविधता हुँदा वित्तीय अन्यौलता सिर्जना भएको,

(च) “सोसरह” भनी योग्यता तोकिदा योग्यता कायम गर्न अन्यौलता सिर्जना भएको,

(छ) सार्वजनिक पदाधिकारीले पाउने सेवा सुविधा लगायतमा “पाए सरह” वा “सोसरह” भन्ने शब्दको प्रयोगले कानून बमोजिम प्राप्त हुने सुविधा (जस्तैः भत्ता रकम, सेवा अवधि तथा अन्य सुविधा) सुनिश्चित गर्न कठिन हुनाले प्रशासनिक तथा वित्तीय अन्यौलता सिर्जना भएको,

(ज) एउटै कानूनी व्यवस्थाले समेत भिन्न सन्दर्भमा फरक परिमाण दिन सक्ने भएकाले व्याख्यामा असमानता भएको र कानूनी निश्चिततामा ह्रास भएको,

(झ) कानूनमा प्रयोग भएका यस्ता पदावलीले सृजना गरेको व्याख्यागत तथा अर्थगत समस्याले कानून व्याख्यामा व्यक्तिको मनोगत अनुकूलन व्याख्या भएको,

नेपाल कानून आयोग

(ञ) अस्पष्ट पदावलीका कारण कर्मचारी र सम्बन्धित निकायबीच पारिश्रमिक, सेवा, सुविधा सम्बन्धी विवाद उत्पन्न भई कानूनी विवाद बढ्न सक्ने सम्भावना रहेको,

(ट) समान कामका लागि समान पारिश्रमिक (Equal pay) को सिद्धान्त प्रतिकूल देखिएको,

(ठ) अस्पष्ट शब्द प्रयोगका कारण अधिकारको दुरूपयोग हुने सम्भावना हुने,

(ड) स्पष्ट मापदण्ड नभएकाले निर्णय प्रक्रियामा पारदर्शिता र उत्तरदायित्वमा कमी हुनु।

प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सोसरह" पदावलीको प्रयोगले अस्पष्टता, अनिश्चितता निम्त्याउनुका साथै कानूनको व्याख्यामा एकरूपता नहुने समस्या उजागर गरेको छ।

## ३.२ समाधान

माथि खण्ड ३.१ मा उल्लिखित समस्या समाधान गर्न देहायका उपाय अवलम्बन गर्न उपयुक्त हुन्छः-

(क) नीतिगत सुधार

- नेपाल सरकारले सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारीको पारिश्रमिक, सेवा सुविधा र न्यूनतम योग्यताको एकीकृत सूची बनाइ सार्वजनिक गर्ने र सबै निकायले सोही सूचीलाई आधार मान्ने व्यवस्था लागू गर्नु पर्ने,
- सार्वजनिक निकायको काम, कर्तव्य र जिम्मेवारीको आधारमा त्यस्ता निकायको वर्गिकरण गरी एउटै प्रकृतिका निकाय र फरक प्रकृतिका निकायका पदाधिकारीको नियुक्ति, योग्यता, पारिश्रमिक तथा सुविधामा फरक फरक हुने नीति अवलम्बन गर्ने।

(ख) कानूनी सुधार

- कानूनमै "पाए सरह" र "सोसरह" को अर्थ, दायरा र सीमालाई स्पष्ट रूपमा परिभाषित गर्नुपर्ने,
- योग्यता, सेवा र सुविधा कुनै पद सरह भन्दा पनि यसका मापदण्डका आधार कानूनमै उल्लेख गर्नुपर्ने,
- पदको जिम्मेवारी, अधिकार र दायित्वका आधारमा योग्यता, सेवा र सुविधा सुनिश्चित गर्नुपर्ने,
- कुनै विशेष सुविधा प्राप्त गर्ने भए सो समेत कानून मै स्पष्ट व्यवस्था गर्नु पर्ने,
- कानूनको मस्यौदा गर्दा सकेसम्म "पाए सरह" वा "सोसरह" शब्दको प्रयोग नगर्ने, गर्नै परे कम मात्रामा गर्ने र स्पष्ट रूपमा गर्ने,
- वर्गीकृत निकाय अनुसार समान प्रकृतिका निकाय तथा पदाधिकारीको हकमा लागू हुने गरी छाता ऐन बनाई लागू गर्ने,
- सार्वजनिक निकायमा कार्यरत पदाधिकारीको लागि आचार संहिता बनाउने र कडाईका साथ कार्यान्वयन गर्ने।

(ग) कार्यगत सुधार

- सार्वजनिक निकायमा कार्यरत पदाधिकारी तथा कर्मचारीले प्रचलित कानूनको कडाईका साथ कार्यान्वयन गर्ने,
- प्रचलित कानूनी व्यवस्थालाई गलत व्याख्या गरी आफ्नो हितमा प्रयोग नगर्ने र उच्च नैतिकता कायम गर्ने।

नेपाल कानून आयोग

(घ) संस्थागत सुधार

- नेपाल सरकारले प्रस्तुत विषयमा नयाँ कानून (ऐन) लागु नहुँदासम्म संस्थागत निकायसँगको आवश्यक समन्वय र परामर्शमा त्यस्ता पदाधिकारीले पाउने पारिश्रमिक, सेवा सुविधा तथा पदाधिकारीको योग्यता समेतको यकिन गरी निश्चित हुने पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउन मापदण्ड निर्धारण गर्नुपर्ने हुन्छ। जसको लागि सम्बन्धित संस्था/निकायले सुधारका लागि पहल गर्नु पर्दछ।

नेपाल कानून आयोग

# परिच्छेद -४

## निष्कर्ष र सुझाव

### ४.१ निष्कर्ष

प्रचलित कानूनमा सार्वजनिक निकायका पदाधिकारीको योग्यता, अनुभव, पारिश्रमिक तथा सेवा सुविधाको सम्बन्धमा “पाए सरह” वा “सोसरह” जस्ता अस्पष्ट पदावलीहरूको प्रयोगले सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारीको योग्यता, अनुभव, पारिश्रमिक तथा सेवा सुविधा लगायतका विषयमा अन्यौलता सृजना गरेको छ। स्पष्ट, मापनयोग्य, एकीकृत र पारदर्शी मापदण्ड निर्माण गर्नु तथा कानूनमा नै यस्ता पदावलीको प्रयोगको सम्बन्धमा स्पष्टता कायम गरी विधेयक मस्यौदाकारलाई नै जवाफदेही बनाउनु दीर्घकालीन समाधान हो।
साथै त्यस्ता शब्दहरूको प्रयोगले सार्वजनिक निकायका पदाधिकारीले सम्पादन गर्नु पर्ने काम र जिम्मेवारी बमोजिम पारिश्रमिक तथा सेवा सुविधा प्राप्त नगरी केवल पदको आधारमा अर्को निकायको माथिल्लो मर्यादाक्रमको पदाधिकारीले पाएको सेवा सुविधा प्रदान गर्ने गरिएको, राज्यको स्रोत साधनको दुरूपयोग हुने गरेको र सार्वजनिक निकायका पदाधिकारी नियुक्तिमा स्वार्थको द्वन्द हावी हुने देखिएको हुँदा कानूनको तर्जुमा गर्दा यस्ता शब्दहरू प्रयोग गर्न निरूत्साहित गर्ने र भई रहेका कानूनका त्यस्ता शब्द हटाएर सुधार गर्न उपयुक्त देखिन्छ।

### ४.२ सुझाव

(क) सार्वजनिक निकायमा नियुक्त हुने पदाधिकारीको योग्यता, पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी मापदण्ड कानूनमा नै स्पष्ट गर्न “पाए सरह” वा “सो सरह” उल्लेख भएका प्रतिवेदनमा उल्लिखित निकायको परिच्छेद-२ मा उल्लिखित कानूनी व्यवस्था लगायतमा संशोधन गरी त्यस्ता व्यवस्था हटाउन र सम्बन्धित ऐनमा नै योग्यता, सेवा

सुविधा तोक्न र सम्बन्धित ऐनबाट सेवा सुविधा निर्धारण गरी विभिन्न कानूनमा भएका "पाए सरह" वा "सोसरह" भन्ने शब्दहरू हटाउने,

(ख) खण्ड (क) मा सिफारिस गरिएको कानूनमा नै नेपाल सरकारले नियुक्त गर्ने सार्वजनिक निकायका पदाधिकारीको काम कर्तव्य, पारिश्रमिक, सेवा सुविधा र न्यूनतम योग्यताको अलग अलग सूची बनाई सो सूची बमोजिमको सेवा सुविधा तोक्ने,

(ग) सार्वजनिक निकायका पदाधिकारी नियुक्ति गर्दा नियुक्त हुनेको योग्यता, अनुभव, पारिश्रमिक, सेवा, सुविधा लगायतका विषयमा स्पष्ट एकरुपता नहुदा स्वार्थको द्धन्द देखिने भएकोले स्वार्थ अनुकूल व्याख्या गर्ने अवस्थाको अन्त्य गर्न कानूनी स्पष्टताको लागि छुट्टै कानूनको व्यवस्था गर्नु पर्ने।

(घ) माथि उल्लिखित सुझाव बमोजिमको कानून बनाउदा नेपाल सरकार मन्त्रिपरिषद्बाट जारी भएको मर्यादाक्रम अनुरुप सेवा सुविधा हुने गरी सम्बन्धित ऐनको अनुसूचीमा नै स्पष्ट हुने गरी कानूनी व्यवस्था गर्नु पर्ने।

नेपाल कानून आयोग

**सन्दर्भ सामग्री**

- नेपालको संविधान
- नेपाल ऐन सङ्ग्रह खण्ड १ देखि खण्ड १७ सम्म
- नेपाल नियम सङ्ग्रह खण्ड १ देखि खण्ड १७ सम्म
- कानून तर्जुमा दिग्दर्शन
- कानूनी शब्दकोष

नेपाल कानून आयोग